निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL




## निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# निर्वाचन र राजनीतिक दल

रातो रङ्गको - सबै भन्दा सजिलो
प्याजी रङ्गको - ठिकै (सजिलै)
निलो रङ्गको - अलि गाह्रो

यो किताब प्याजी तहको हो ।

<u>यो तहमा भएका किताबहरू :</u>

- निर्वाचनको महत्व
- मतदानको महत्व
- मतदाता नामावलीमा नाम दर्ता
- निर्वाचन र राजनीतिक दल
- समावेशी निर्वाचन र परिवर्तन
- निर्वाचन सम्वन्धी संवैधानिक व्यवस्था

## निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# निर्वाचन र राजनीतिक दल

**प्रकाशक**

निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौ, नेपाल

फोन नं. :(९७७ -१) - ४२२८६६३/४२२५५८०

फ्याक्सः (९७७ -१) - ४२२९२२७/४२२५५८०

इमेलः info@election.gov.np

वेबसाइट : www.election.gov.np

© निर्वाचन आयोग, नेपाल

सर्वाधिकार सुरक्षित

प्रथम संस्करण : वि.सं. २०७६

ISBN: ९७८९९३७-७३८-००-२

# विषय सूची

| विषय | पेज |
|---|---|
| निर्वाचन र राजनीतिक दल | १ |
| छलफलका लागि प्रश्नहरू | २३ |

# निर्वाचन र राजनीतिक दल

बिमला सामुदायिक महिला समुहकी अध्यक्ष हुनुहुन्छ । महिलाहरूलाई आय-आर्जनमा प्रेरित गर्ने, सचेतनामूलक तालिम दिलाउने, नेतृत्व क्षमताको विकास गराउने जस्ता काममा उहाँले धेरै सहयोग गर्नु भएकोछ । फरासिलो र हक्की स्वभावका कारण दिदी बहिनी उहाँलाई खुब मनपराउँछन् । समुदायका लागि जिल्ला निर्वाचन कार्यालयले निर्वाचन शिक्षाको कार्यक्रम राखेको छ । सो कार्यक्रममा सहभागी हुन सबै दिदी बहिनीलाई खबर गर्दै हुनुहुन्छ ।

"ए राममायाँ दिदी ! सामुदायिक भवनमा निर्वाचन शिक्षाको बारेमा छलफल हुने कुरा छ नि ! थाहा छैन ?"-बिमलाले आउँदा आउदै सोधिन् ।

"किन थाहा नहुनु नि, बिमली ! भोलि हैन र ? आज बिहानै सरला आएर भनेकी थिइन् । मलाई त यो निर्वाचनका बारे केही थाहा नै छैन क्या, त्यसै भएर नजाने सुर पो ! गरेकी मैले त !"




“ल ! राममायाँ दिदी त ! निर्वाचन भनेकै चुनावका कुरा त हो नि । अब चुनाव आउँदैछ ।

चुनावमा राजनीतिक दलका र स्वतन्त्र उम्मेद्‌वार पनि हुन्छन् । राजनीतिक दल के हुन् ? कसरी गठन हुन्छन् ? के के काम गर्छन् ? जान्न परेन भन्या ! देश त राजनीतिक दलवाट निर्वाचित वा चुनिएका व्यक्तिहरुवाट नै चलाउने हो । राजनीतिक दलका बारे जति कुरा जान्न सकिन्छ, त्यति नै फाइदा हुन्छ ।

बिमली ! मलाई त राजनीतिक दलका र निर्वाचनका बारेमा केही थाहा नै छैन नी !

त्यसैले त जिल्ला निर्वाचन कार्यालयले आज हाम्रो सामुदायिक भवनमा छलफल कार्यक्रम राखेको रे !" त्यहाँ जाने । छलफलमा भाग लिने । आफूले नजानेका कुरा सोध्ने । जानेका कुरा बताउने । धेरै कुरा सिक्न पाइन्छ ।"

"राममायाँ दिदी ! चुनावमा फेरि भोट त दिनै पर्छ । भोट दिने नै भएपछि दलका बारेमा बुझ्दा काम लाग्ला नि ! जानुपर्छ । जाउँ हिड्नोस् । आखिरी, हामीले राजनीति नगरे पनि राजनीति भन्दा बाहिर बस्न सकिँदैन क्यारे !"




"तिमीले ठीकै भन्यौ । मौकामा कुरा बुझ्न पाएपछि कसैले झुक्याउन सक्दैनन् नि त ! ल त म छिट्टै तयार हुन्छु, एक्कै छिन पर्ख है त !"

**सामुदायिक भवनमा छलफल कार्यक्रम शुरु हुन लागिसकेछ । जिल्ला निर्वाचन कार्यालयबाट निर्मला दिदी आउनु भएको रहेछ। अत्यन्त फरासिलो स्वभावकी स्पष्ट कुरा राख्ने निर्मलाको प्रस्तुति देखेर सहभागीहरू ध्यानपूर्वक उनका कुरा सुनिरहेका थिए ।**

**सहजकर्ताले भन्नुभयो-**"आज हामी राजनीतिक दल र निर्वाचनका बारेमा कुरा गर्दैछौं। नेपालमा लामो समय देखि राजनीतिक अस्थिरता रह्यो । १०४ वर्षसम्म नेपालमा राणाहरूले शासन गरे। वि.सं. २००७ सालमा राजनीतिक दलहरूले क्रान्ति गरे । क्रान्तिले देशमा प्रजातन्त्रको स्थापना गर्‍यो । राणाशासनको अन्त्य भयो। वि.सं.२०१७ साल देखि नेपालमा फेरि राजतन्त्र आयो। राणा शासन हटाउने राजनीतिक दलहरू पछि परे । राजाको नेतृत्वमा निर्दलीय पञ्चायती व्यवस्था शुरु भयो । वि.स. २०४६ सालमा जनआन्दोलन भयो। आन्दोलनको बलमा बहुदलीय व्यवस्था स्थापना

हुन पुग्यो । संवैधानिक राजतन्त्रात्मक व्यवस्था शुरु भयो । वि.सं.२०६२/२०६३ सालको ऐतिहासिक जनआन्दोलनबाट राजतन्त्रको अन्त्य गऱ्यो । संघीय लोकतान्त्रिक गणतन्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भयो ।”

उहाँले थप्नुभयो-“नेपालमा क्रान्ति हुनमा आफ्नै कारणहरू छन् । समाजमा व्याप्त गरीबी, आर्थिक असमानता, भौगोलिक, समाजिक र साँस्कृतिक विभेद । राजनीतिक दलहरू एक भएर जनताका आवाज बोकेर आन्दोलनमा उत्रिए । पुरानो व्यवस्था र पुराना संरचनामा परिवर्तन गरी नयाँ व्यवस्था र नयाँ संरचना निर्माणमा जुटे ।



"अहिले नेपाली जनताले निर्वाचित गरेका प्रतिनिधिले बनाएको संविधान कार्यन्वयनमा छ । हाम्रो संविधान लोकतान्त्रिक व्यवस्था भएको विश्वको राम्रा संविधानहरु मध्यमा पर्दछ। लोकतन्त्रको रक्षा कवचको रुपमा राजनीतिक दलहरू रहेका छन् । जनताले राजनीतिक दलका निर्वाचित उम्मेदवारको माध्यमबाट शासनमा आफ्नो उपस्थिति जनाउँछन् । निर्वाचित प्रतिनिधिहरुवाट समग्र देश विकासको नेतृत्व भइरहेको हुन्छ । आज हामी तिनै राजनीतिक दल सम्बन्धी विषयमा छलफल गर्दछौं ।"

**राजनीतिक दल भनेको के हो त मिस ? विपनाले प्रश्न गरिन् ।**

समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध मानिसहरू बीच एक  वैचारिक समूह निर्माण हुन्छ। त्यही समूह राजनीतिक दलको रुपमा देखा  पर्ने गर्दछ। यसको आफ्नै सिद्धान्त हुन्छ। सिद्धान्त अनुसार नीति तयार गर्छ। नीति अनुसारका कार्यक्रमहरू निर्माण र घोषणा गर्छ। जनताले पनि जुन दलले राम्रो नीति, राम्रो कार्यक्रम ल्याउँछ, त्यही दललाई निर्वाचनमा

आफ्नो मत दिएर जिताउँछन् । जनप्रतिधिको निर्वाचन हरेक पाँच पाँच वर्षमा निरन्तर भइरहन्छ । यसलाई आवधिक निर्वाचन भनिन्छ ।

विनिताले उठेर भनिन-**“राजनीतिक दलका उम्मेदवार लाई किन आफ्नो मत दिने मिस ?”**

**विनिताको प्रश्नबारे कसैले केही बुझ्नु भएकोछ ?** सहजकर्ताले सोध्नुभयो ।

“हाम्रो देशमा लोकतन्त्र आएको छ । निर्वाचनलाई लोकतन्त्रको प्राणवायु भनिन्छ । हामी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी शासन प्रणालीमा रहेका छौं । त्यसैले मत दिंदा आफूलाई मन परेको राजनीतिक दलको उम्मेदवारलाई नै मत दिने होइन त मिस”-सुकुमायाँले भन्नुभयो ।



**“राजनीतिक दलले कसरी विचारको प्रतिनिधित्व गरेका हुन्छन् मिस ?”** पूर्णकलाले प्रश्न गरिन् ।

“मिस, मलाई लागेको कुरा के भने नि ! समाजमा फरक फरक विचार र सोचाइका मानिसहरू बसेका हुन्छन् । फरक फरक सोचाइले गर्दा राजनीतिक दल पनि फरक फरक हुन्छन् । त्यसैले फरक फरक दल मार्फत सबै नागरिकका विचारको प्रतिनिधित्व हुनपुग्छ ।” गंभिराले भनिन् ।




**राजनीतिक दल र लोकतन्त्रको कस्तो सम्बन्ध हुन्छ ? आफ्नो विचार राख्नोस् त ?** सहजकर्ताले भन्नुभयो ।

"मिस, राजनीतिक दलहरुका बीच स्वस्थ प्रतिस्पर्धा भएन भने लोकतन्त्र सफल हुँदैन । नेपालमा जनताको लामो संघर्ष, त्याग र बलिदानपछि मात्र यो लोकतन्त्र प्राप्त भएको हो ।"**-सुकुमानले आफ्ना कुरा राख्नुभयो ।**

"दलहरूको प्रतिस्पर्धामा राम्रो काम नगर्ने दल हार्छ भने, राम्रो काम गर्ने जित्छ । मौका पाउना साथ राम्रो काम गर्नु पऱ्यो । होइन त मिस !"-सुलोचनाले तौलिंदै भन्नुभयो ।



**“हो, तपाईहरूले महत्वपूर्ण कुराहरू राख्नुभयो ।” छलफललाई सहजीकरण गर्दै निर्मला मिसले थप्नुभयो-**

“नेपालको संविधानको धारा १७ ले स्वतन्त्रताको हक अन्तर्गत राजनीतिक दल खोल्ने स्वतन्त्रता प्रदान गरेको छ । यसैगरी संविधानले निर्वाचन आयोगलाई राजनीतिक दल दर्ता गर्ने अधिकार दिएको छ ।

राजनीतिक दललाई निर्वाचनमा आचार संहिताको पालना गराउने काम पनि आयोगकै हुने व्यवस्था निर्वाचन आयोग ऐनमा छ ।


निर्वाचन आयोगमा दर्ता नभएका दलहरूले निर्वाचनमा भाग लिन पाउँदैनन् । दल दर्ता गर्दा निर्वाचन प्रचलित ऐन अनुसार आयोगले मागेका  विवरणहरु सहितको आवश्यक कागजातहरू दलले निर्वाचन आयोगमा बुझाउनु पर्छ । निर्वाचनका समयमा आचार संहिता पालना गर्नु दलको कर्तव्य हो । “तोकेका कागजात नबुझाउने, आचार संहिता पालना नगर्ने राजनीतिक दललाई  कानुन वमोजिम नियमन गर्ने र कानुनको उल्लंघन गर्ने दललाई कारवाही गर्ने अधिकार निर्वाचन आयोगलाई रहेको छ ।”




**"स्वतन्त्र उम्मेद्‍वारबारे के जानकारी छ ?"** सहजकर्ताले प्रश्न गर्नुभयो ।

"निर्वाचनमा राजनीतिकदलहरू मात्र नभै दलमा संलग्न नभएका स्वतन्त्र व्यक्तिहरुले पनि भाग लिने अधिकार हुन्छ । निर्वाचन क्षेत्र भित्रका जो कोही मतदाता पनि उम्मेद्‍वार हुन पाउँछ । म राजनीतिक दलसँग आबद्ध हुन्न भन्न पाउने उसको अधिकार हुन्छ । कुनै पनि दलको तर्फवाट उम्मेदवार नभै कुनै मतदाता निर्वाचनमा उम्मेद्‍वार बन्छ भने त्यो स्वतन्त्र उम्मेद्‍वार हो ।" रविलालले भन्नुभयो ।

**“स्वतन्त्र उम्मेद्वारले निर्वाचन चिन्ह कसरी पाउँछ मिस ?”** - पुजाले प्रश्न गर्नुभयो ।



जानकी दिदीले उठेर भन्नुभयो - “म पनि वडामा स्वतन्त्र उम्मेद्वारमा उठेकी थिएँ । निर्वाचन अधिकृतको कार्यालयले नै निर्वाचन चिन्ह रोज्न दिएको थियो । स्वतन्त्र उम्मेद्वारको लागि निर्धारित गरिएका समूहमा रहेको जुनसुकै निर्वाचन चिन्ह रोज्न पाईन्छ । निर्वाचन चिन्ह स्वतन्त्र उम्मेद्वारको नामको अक्षरको आधारमा क्रमश रोज्न पाइन्छ । निर्वाचन आयोगले तोकेको चिन्ह मध्येबाट अन्य उम्मेदवारसंग नदोहोरिने गरी रोज्न पाईंदोरहेछ ।”




**राजनीतिक दल सम्बन्धी कानुनी व्यवस्थाबारे पनि भन्नोस् न विजया मिस !** सहजकर्ताले भन्नुभयो ।

“समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रम मिल्ने व्यक्तिहरूले कानुन अनुसार दल खोल्न पाउँछन् । आफ्नो दलको विचार, दर्शन र कार्यक्रम प्रचार प्रसार गर्न पाउँछन् ।”

**शेषमणिले भन्नुभयो-**“राजनीतिक दललाई बन्देज गर्ने गरी कानुन बनाउन पाईंदैन । त्यस्तो कानून बने

पनि स्वतः अमान्य हुन्छ । राजनीतिक दलले चाहेमा आफूहरु फुट्न वा जुट्न पाउँछन् ।"

**रमिलाले भन्नुभयो ।** "नेपालमा कानुन अनुसार राजनीतिक दल सक्रिय छन् । राजनीतिक दललाई दर्ता हुन पाउने अधिकार छ ।"

"मिस, दलले व्यक्ति सरह आफ्नो नामबाट उजुरी नालिस गर्न पाउँछ । व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न पाउँछ । दलको अधिकार र कर्तव्य कानुनले स्पष्ट गरेको छ ।" संगिता काकीले भन्नुभयो ।

"त्यसैले त होला नि मिस ! राजनीतिक दललाई शासनमा सहभागी हुने अङ्गको रुपमा स्वीकारिएको ।"-विनिता भाउजुको धारणा थियो ।

**"दलका कामबारे कानुनमा कस्ता कस्ता कुरा उल्लेख भएको छ र मिस !"** सर्मिलाको जिज्ञासा थियो ।

"हो सर्मिला, दलहरू कानुनद्वारा निर्देशित र नियन्त्रित छन् । यति भन्दै उहाँले तयार पारेको चार्ट पढ्न लगाउनु भयो ।

**राजनीतिक दलको काम के के हुन्छन् ?** सर्मिला तपाईं उठेर यी बुँदा पढ्नोस् त ?

- सङ्घीय लोकतन्त्रलाई सुदृढ गर्ने ।
- सामाजिक सद्भाव र एकतामा जोड दिने ।
- मुलुकको आर्थिक, सामाजिक वा साँस्कृतिक विकासको नीति, योजना र कार्यक्रम जनसमक्ष ल्याउने ।
- देशको आर्थिक अवस्थालाई आत्मनिर्भर र उन्नतशील बनाउने ।
- दलीय सहमति र समन्वय संस्कृतिको विकास गर्ने ।
- जनताका सरोकार पहिचान गरी बहस छलफल चलाउने ।
- सबै प्रकारका भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गर्ने ।




- नागरिक हक व्यवहारमा उतार्न सरकारलाई सहयोग गर्ने ।
- सामाजिक न्याय, शान्ति र अहिंसा उत्प्रेरित गर्न सहयोग गर्ने ।
- विपद् जोखिम न्यूनीकरण पूर्व तयारी कार्यमा सहयोग गर्ने ।

**राजनीतिक दलले गर्ने कामका बारेमा लेखिएका अर्को चार्ट देखाउँदै निर्मलालाई पढ्न अनुरोध गर्नुभयो ।**

- निर्वाचनमा भाग लिने ।
- आफ्ना नीति, कार्यक्रम, योजना वा रणनीति सार्वजनिक गर्ने ।
- आफ्ना नीति, कार्यक्रम वा योजना कार्यान्वयन गर्ने ।
- शान्तिपूर्ण जुलुस, आमसभा वा र्‍याली आयोजना गर्ने ।
- आचार संहिताको पालना गर्ने ।



**राजनीतिक दलले पनि कानुनको पालना गर्नु पर्दछ । राजनीतिक दल कानुन भन्दा माथी रहन सक्दैन । नेपालको कानुनले राजनीतिक दललाई लगाएका बन्देजहरू:**

१. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता राष्ट्रियता र स्वाधिनतामा खलल पार्ने काम गर्न हुँदैन ।

२. राष्ट्रविरुद्ध जासुसी, राष्ट्रिय गोपनीयता भंग जस्ता काम गर्न हुँदैन ।

३. नेपालको सुरक्षा व्यवस्थामा आँच आउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्न हुँदैन ।

४. राज्यद्रोह, संघीय इकाईबीच सु-सम्बन्धमा खलल पार्ने गतिविधि गर्न हुँदैन ।

५. जातीय साम्प्रदायिक द्वेश फैलाउने काम गर्न हुँदैन ।

६. जाति, भाषा, धर्म सम्प्रदाय वा लिङ्गको आधारमा राजनीतिक दलको सदस्यता दिने वा लिन बन्देज लगाउन पाइदैन ।

७. नागरिकका बीचमा विभेद हुने गरी राजनीतिक दल गठन गर्न हुँदैन ।

८. हिसांत्मक कार्य गर्न, वा हिंसाका लागि उक्साउन हुँदैन ।

९. सार्वजनिक नैतिकताको प्रतिकुल हुने किसिमका कार्य गर्न हुँदैन ।

**दलदर्ता गर्न के के गर्नु पर्ने हुन्छ मिस** ? सुनिताले प्रश्न राखिन् ।

“राजनीतिक दल दर्ताका लागि कम्तिमा २१ जना सदस्य रहेको केन्द्रीय तदर्थ समिति गठन भएको हुनुपर्छ । पाँच सय जना नेपाली नागरिकले दलको सदस्य हुँ भनी गरेको लिखित प्रतिबद्धता हुनुपर्छ । दल दर्ता गर्दा महिलाहरुको सहभागिता पनि सुनिश्चित गर्नु पर्छ ।

त्यति मात्र होइन, दलदर्ता गर्दा उनीहरूको नागरिकताको प्रतिलिपी समेत राख्नु पर्छ । केन्द्रीय समितिले दलदर्ता गर्ने भनेर निर्णय गरेको हुनुपर्छ । दलको विधान, छाप, झण्डा पनि हुनुपर्छ। यी कागजात लिएर निर्वाचन आयोगमा दलदर्ता गर्न जानु पर्दछ । कानुन अनुसारका आवश्यक कागजात पुरा भएपछि आयोगले दलदर्ता गर्नेछ ।"



आयोगले पनि दलको उद्देश्य, कार्यक्रम, कार्यनीति आदि सबै हेरेर ठीक देखिएमा दलदर्ता प्रकृया अगाडि वढाउने गर्दछ ।

दलको सङ्गठनको संरचना तथा पदाधिकारी सम्बन्धी व्यवस्था दलकै विधानमा उल्लेख भएको हुन्छ ।




र, अन्तमा, कार्यक्रमको विसर्जन गर्दै वडा अध्यक्ष सुरविरले कार्यक्रम उपयोगी भएकोमा जिल्ला निर्वाचन कार्यालयलाई धन्यवाद दिंदै “नेपालका राजनीतिक दलहरू जिम्मेवार छन् । यो व्यवस्था यिनै दलका

योगदानले आएको हो । नेपाली जनतालाई सुखी समृद्ध बनाउने सोच नै हरेक दलको उद्देश्य रहेको हुन्छ। यस्तो किसिमको निर्वाचन शिक्षा अपरिहार्य रहेको छ ।" भन्दै कार्यक्रम समापन गर्नुभयो ।

## छलफलका लागि प्रश्नहरू

१. राजनीतिक दल भनेको के हो ?

२. सामुदायिक भवनमा कसले राजनीतिका बारेमा छलफल कार्यक्रम राखेको र किन हो ?

३. देशमा क्रान्ति हुनुका के कस्ता कारणहरू रहेका छन् ?

४. निर्वाचनमा राजनीतिक दललाई किन आफ्नो मत दिने गरीन्छ ?

५. जनताले कस्तो राजनीतिक दललाई आफ्नो मत दिन्छ ?

६. दल चुन्ने काम कति/कति वर्षमा निरन्तर भइरहन्छ ?

७. राजनीतिक दलले कसरी विचारको प्रतिनिधित्व गरेको हुन्छ ?

८. राजनीतिक दल र लोकतन्त्रको कस्तो सम्बन्ध हुन्छ ? आफ्नो विचार राख्नुहोस् ।

९. कस्ता दलहरूले निर्वाचनमा भाग लिन पाउँदैनन् ?

१०. स्वतन्त्र उम्मेद्वार कस्तोलाई भनिन्छ ?

११. स्वतन्त्र उम्मेद्वारले निर्वाचन चिन्ह कसरी पाउँछ ?

१२. राजनीतिक दल सम्बन्धी कस्तो कानुनी व्यवस्था छ ?

१३. दलका काम कर्तव्यको बारेमा कस्ता कस्ता कुरा कानुनमा उल्लेख भएको हुन्छ ?

१४. राजनीतिक दलको काम के के हुन्छन् ?


१५. नेपालको कानुनले राजनीतिक दललाई के कस्ता बन्देजहरू लगाएका छन् ?

१६. दलदर्ता प्रक्रिया कस्तो हुन्छ ?

# मतपत्रमा छाप कसरी लगाउने ?

मतपत्रमा स्वस्तिक छाप लगाउनु पर्दछ । औंठाको छाप वा अन्य किसिमको सङ्केतहरु गर्नु हुँदैन ।

स्वस्तिक छाप लगाउँदा आफूले चाहेको दल वा उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठा भित्र स्पष्ट रूपमा देखिने गरी र अन्य चिन्हमा नपर्ने गरी छाप लगाउनु पर्दछ ।




# मत कसरी बदर हुन्छ ?


कोठा बाहिर छाप लगाएमा


दुइओटा चिन्हका बीचमा छाप लगाएमा


स्वस्तिक छापको सट्टा औंठाछाप वा अन्य छाप वा सङ्केत प्रयोग गरेमा



एउटा मतपत्रमा एकभन्दा बढी चिन्हमा छाप लगाएमा


चिन्ह नबुझिने गरी छाप लगाएमा


मतदान अधिकृतको सहि नभएको मतपत्र प्रयोग गरेमा

मतदान गर्दा राम्ररी ध्यान नदिए हाम्रो अमूल्य मत बदर हुन सक्छ

# फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गर्न निम्न शर्तहरू अवश्य पूरा गर्नुपर्दछ




क) नेपाली नागरिक भएको हुनुपर्छ ।

ख) १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति हुनुपर्दछ ।

ग) कुनै निर्वाचन क्षेत्रभित्रको गाउँपालिका वा नगरपालिकामा स्थायी बसोबास गरेको हुनुपर्दछ ।

घ) सक्कल नागरिकता लिएर जानु पर्दछ, व्यक्ति पनि आफै उपस्थित हुनु पर्दछ ।

ङ) जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा पनि मतदाता नामावली दर्ताको काम हुन्छ ।

# सहयोगी

Educational Resource And Development Center Nepal 2061

United Nations Educational, Scientific and Cultural Organization · Sustainable Development Goals · Kathmandu Office

ESP is supported by European Union UNDP Empowered lives. Resilient nations.

यो पुस्तक युरोपियन युनियन र युएनडीपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तकमा उल्लेखित विषयहरुले दातृमुलुक तथा दातृनिकायहरुको प्रतिनिधित्व गर्दैनन् ।